# महिला अधिकारसंग सम्बन्धित संबैधानिक तथा कानुनी व्यवस्थाबारे जानकारी पुस्तिका



२०७९

# महिला अधिकारसंग सम्बन्धित संबैधानिक तथा कानूनी व्यवस्थाबारे

# जानकारी पुस्तिका

अंक : ३५

संस्करण : दोश्रो (भाद्र, २०७९)

लेखकद्वय : अधिवक्ता अनिता न्यौपाने थपलिया
अधिवक्ता अन्जना खनाल न्यौपाने

प्रकाशक : कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)
मानभवन, ललितपुर

प्रकाशन संख्या : ५००

सहयोगी :
संस्थागत सुधार मार्फत
न्यायमा पहुँच अभिवृद्धि परियोजना

डिजाईन : कम्प्यूटर लग
पुल्चोक, ललितपुर । फोन : ९८५११३४९७७

# प्राक्कथन



महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक रुपमा पछाडी परेका कारणले दिनानुदिन हिंसाका शिकार भैरहेका छन् । कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)ले आफ्नो स्थापनाकाल देखि नै महिलाको न्यायमा सहज पहुँच अभिवृद्धिका लागि निःशुल्क कानुनी सहायता लगायतका बिभिन्न कार्यक्रमहरु गर्दै आएको छ। विभिन्न प्रयासको वावजुद पनि महिलाको हक अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रणका लागि भएका कानुनी व्यवस्थाहरुका बारेमा जनमानससमा कम जानकारी भएकोले गर्दा न्यायमा पहुँच पुग्न सकेको छैन । तसर्थ महिलाको कानुनी अधिकारको बारेमा सबैलाई जानकारी गराउनु अति आवश्यक भएको छ । नेपालको संविधान २०७२, मुलुकी देवानी संहिता र फौजदारी अपराध संहिता २०७४ तथा अन्य केही ऐनहरुले समेत महिला अधिकारलाई सम्बोधन गरेको हुँदा सोको सम्बन्धमा जानकारी गराउने उद्देश्यले सामान्य जानकारी पुस्तिका प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ । यस पुस्तिकाले लैङ्गिक सवालहरु समेटी राष्ट्रिय कानूनहरुका महत्वपूर्ण प्रावधानहरुलाई एकिकृत गर्ने प्रयास गरिएको छ। यो पुस्तिका महिला अधिकारका क्षेत्रमा कार्यरत कानून व्यवसायी, संघ-संस्थाका प्रतिनिधी तथा सेवा लिन आउनु हुने सेवाग्राही, विभिन्न सरकारी तथा गरैसरकारी संस्थाहरुका लागि समेत लाभदायक रहने छ । अन्त्यमा, प्राविधिक सहयोग दिनहुने तथा आर्थिक सहयोग दिनहुने यु.एन.डि.पी., संस्थागत सुधार मार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना र यो पुस्तिका तयार पार्ने कार्यमा मलाई सहयोग गर्नुहुने कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)का कानून अधिकृत अधिवक्ता अन्जना न्यौपानेप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यस प्रकाशनबाट संविधान, नयाँ संहिता तथा अन्य ऐनहरुको बारेमा सुसूचित भई महिला अधिकार, महिला हिंसा नियन्त्रणमा नयाँ आयाम थपिनेछ भन्ने विश्वास लिएको छु ।

*अनिता न्यौपाने थपलिया*
*कार्यकारी अध्यक्ष*

# विषयसूची


१. नेपालको संविधान २०७२ मा महिलाका अधिकार ..... ५-७

क. नागरिकता सम्बन्धी अधिकार ..... ५

ख. समानताको हक ..... ५

ग. महिलाको हक ..... ५

घ. सामाजिक न्यायको हक ..... ६

ङ. सामाजिक सुरक्षाको हक६ .....

च सामाजिक न्याय र समावेशीकरण सम्बन्धी निती ..... ६

छ. राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था ..... ६

ज. महिलाको सहभागिता सम्बन्धी व्यवस्थाहरु ..... ६

झ. राष्ट्रिय महिला आयोग ..... ७

२. मुलुकी देवानी संहिता २०७४ मा महिलाका अधिकार ..... ७-१४

क. विवाह सम्बन्धी ..... ७

ख. सम्बन्ध बिच्छेद सम्बन्धी ..... ८

ग. महिलाको सम्पत्तिक अधिकार सम्बन्धी ..... ९

३. मुलुकी अपराध संहिता २०७४ मा महिला हिंसा विरुद्ध भएका कानूनी व्यवस्थाहरु ..... १४-२७

क. वालविवाह ..... १४

ख. बहुविवाह ..... १५

ग. हाडनाता विवाह ..... १६

घ. झुक्याई गरिने विवाह ..... १७

ङ. जबर्जस्ती करणी (बलात्कार) ..... १८

च. यौन सम्बन्धी अन्य कसूरहरु ..... २२

छ. गाली बेईज्जती ..... २४

ज. छाउपडी सम्बन्धि कसुर ..... २४

झ. विवाहमा लेनदेन (दाईजो तिलक) सम्वन्धि कसुर ..... २५

ञ. गर्भ संरक्षण विरुद्धको कसूर ..... २५

४. यौन हिंसा विरुद्धका केही ऐनलाई संसोधन गर्ने ऐन २०७९ अन्तर्गत ..... २७-२८

क. तेजाव वा अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील जैविक वा बिषालु पर्दाथ प्रयोग गरी हुने कसूर ..... २७

५. घरेलु हिंसा (कसूर र सजायँ) ऐन, २०६६ का व्यवस्थाहरु ..... २९-३२

६. अपराध पीडित संरक्षण ऐन २०७५ ..... ३२-३९

७. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ का केही व्यवस्था ..... ३९-४१

८. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, (जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता) ..... ४१-४४

## १. नेपालको संविधान २०७२ ले महिला अधिकारका सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरु :

**क. नागरिकता सम्बन्धी अधिकार :**

**वंशीय आधार तथा लैगिक पहिचान सहितको नागरिकता :**

- नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाण-पत्र पाउन सक्नेछ । (धारा १२)
- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।(धारा ११(६))
- विदेशी नागरिकसंग विवाह गरी नेपाली महिलाले जन्माएको व्यक्ति नेपालमा नै स्थायी बसोबास गरेको र विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले नेपालको अंगीकृत नागरिकता प्राप्त गर्छ । (धारा ११ (७))

**ख. समानताको हक** (धारा १८) :

- कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगरिने,
- सामान्य कानूनको प्रयोगमा राज्यले नागरिकहरुका बिच उत्पति, धर्म, वर्ण, जात-जाति, लिङ्ग, आर्थिक अवस्था, शारिरीक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य आधारमा भेदभाव नगर्ने तर पिछडा अवस्थामा भएका नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बमोजिम बिशेष व्यवस्था गर्न रोक नलगाएको,
- पारिश्रमिक, सामाजिक सुरक्षामा भेदभाव नगरिने,
- पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने,

**ग. महिलाको हक** (धारा ३८) :

- प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनिय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक,
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक,
- सामाजिक सुरक्षाको हकमा महिलालाई सामाजिक सुरक्षाको हकको ब्यवस्था

**घ. सामाजिक न्यायको हक** (धारा ४२):

सामाजिक रुपले पछाडी परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुश्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

**ङ. सामाजिक सुरक्षाको हक** (धारा ४३):

आर्थिक रुपले विपन्न, अशक्त, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनी सामाजिक सुरक्षाको हक हुनेछ ।

**च. सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति** (धारा ५१ ञ)

- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जिविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने ।
- जोखिममा परेका, सामाजिक र पारिवारीक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने ।
- प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चतता गर्ने ।

**छ. राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था** (धारा ७०)

यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्छ ।

**ज महिलाको सहभागिता सम्बन्धी व्यवस्थाहरु**

- संघीय संसदको प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ । (धारा ८४(८))
- राष्ट्रिय सभाको गठनमा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला राष्ट्रिय सभाको सदस्य रहनेछन् भनी व्यवस्था गरिएको छ । (धारा ८६ (२ क))
- त्यसैगरी नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिला सहित तीन जनाको व्यवस्था गरिएको छ । (धारा ८६(२)(ख))
- प्रतिनिधि सभाको सभामुख र उपसभामुख चयन गर्दा सभामुख र उपसभामुख मध्ये एकजना महिला हुने गरी गर्नुपर्ने व्यवस्था छ । (धारा ९१ (२))
- राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था छ । (धारा ९२(२))
- प्रदेश व्यवस्थापिकामा प्रदेश सभाको गठन गर्दा प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ भनि व्यवस्था गरिएको छ । (धारा १७६(९)

- प्रदेश सभाको सभामुख र उपसभामुख चयन गर्दा सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नुपर्ने व्यवस्था छ । (धारा १८२(२))
- गाउँ कार्यपालिकामा गाउँ सभाको निर्वाचनमा निर्वाचित ४ जना महिला सदस्यहरु रहने (धारा २१५)
- जिल्ला समन्वय समितिमा कम्तीमा ३ जना महिला रहनु पर्ने व्यवस्था छ ।(धारा २२०)
- गाँउ सभाको गठन गर्दा प्रत्येक वडाबाट कम्तीमा २ जना महिला अनिवार्य रहनु पर्ने (धारा २२२)
- नगर सभाको गठन गर्दा प्रत्येक वडाबाट कम्तीमा २ जना महिला अनिवार्य रहनु पर्ने (धारा २२३)
- नेपाली सेनामा समावेशी सिद्धान्तका आधारमा प्रवेश गराउने व्यवस्था (धारा (२६७)

**झ. राष्ट्रिय महिला आयोग सम्बन्धी व्यवस्था (धारा २५२)**

महिलाको हकहित संरक्षण तथा सम्वर्द्धन, लैङ्गिक समानता, महिला सशक्तिकरण मार्फत लैङ्गिक न्याय सुनिश्चित गर्न एक संवैधानिक आयोगको रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो ।

## २. मुलुकी देवानी संहिता २०७४ मा महिलाका अधिकार

**क. विवाह सम्बन्धी**

**विवाह भने को के हो ?**

कुनै महिला र पुरुष दुवैले उत्सब समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्निको रुपमा स्वीकार गरेमा विवाह भएको मानिने छ । विवाह स्वतन्त्र सहमतीमा दाम्पत्य तथा पारिवारिक जिवन प्रारम्भ गर्नका लागि कायम भएको स्थायी, अनतिक्रम्य एक पवित्र सामजिक तथा कानूनी बन्धन हुनेछ । यसरी भएको विवाहले पति पत्नी विच कानुनी र सामाजिक अधिकार तथा दायित्वको सुनिश्चित गर्छ ।

**कस्तो अवस्थामा भएको विवाहलाई कानूनी मान्यता प्राप्त हुन्छ ?**

क) महिला र पुरुषले एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

ख) महिला र पुरुष कानून बमोजिम हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

ग) महिला र पुरुष दुवैको वैवाहिक स्थिती कायम नरहेको वा दुवै एकल अवस्था रहेकोमा,

घ) महिला र पुरुष दुबै २० वर्ष उमेर पूरा भएको भएमा ।

**विवाह दर्ता कहाँ र कस्ले गराउन सक्छ ?**

पति र पत्नीले पतिको घरतर्फको स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारीको कार्यालयमा निवेदन दिई विवाह दर्ता गराउन सक्छन । नेपाल बाहिर बसोबास गरेका पति पत्नीले आफू रहे

बसेको मुलुक स्थित नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्नेछन ।

**विवाहपछि महिलाले कुन थर प्रयोग गर्न पाउँछिन ?**

महिलाले विवाहपछि निजले चाहेमा बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन् । यदि विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिन्छ । पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध बिच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन ।

**कस्तो अवस्थामा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छ ?**

क) विवाह बदर भएमा,

ख) कानून बमोजिम पति-पत्नीको सम्बन्ध बिच्छेद भएमा,

ग) पत्नीले कानून बमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा ।

**ख. सम्बन्ध बिच्छेद सम्बन्धी**

**सम्बन्ध बिच्छेद भनेको के हो ?**

पति-पत्नी बिचको वैवाहिक सम्बन्ध कानून बमोजिम बिच्छेद गर्नुलाई सम्बन्ध बिच्छेद भनिन्छ । पति-पत्नी दुवै पक्षले चाहेमा जहिलेसुकै बिच्छेद गर्न सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछन ।

**महिलाले कस्तो अवस्थामा सम्बन्ध बिच्छेद मुद्धा गर्न सक्छिन् ?**

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा

(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पतिले पत्नीको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,

(घ) पतिले अर्को विवाह गरेमा,

(ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा,

**पुरुषले कस्तो अवस्थामा सम्बन्ध बिच्छेद मुद्धा गर्न सक्छन् ?**

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,
(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

**सम्बन्ध बिच्छेद गर्दा महिलाले कस्ता कानूनी अधिकारको माग गर्न सक्छीन ?**
पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले चाहेमा पतिबाट अंश लिएर सम्बन्ध बिच्छेद गर्न सक्छिन । यसरी लिएको अंश महिलाले अर्को विवाह गरे पनि पुर्व पतिलाई फर्काउनु पर्दैन । उक्त अंश महिलाले आफूखुशी गर्न सक्छिन् ।

सम्बन्ध बिच्छेद भएकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति बाकी रहेछ भने त्यस्तो सम्पत्ति मृतकका छोराछोरीले र छोराछोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माईती पट्टीका हकवालाले पाउछन् ।

पत्नीले पतिसँग अंश नलिई एकमुष्ठ रकम वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा एकमुष्ठ, वार्षिक वा मासिक रुपमा भराई दिन सक्दछ । यदी मासिक वा वार्षिक रुपमा खर्च भराई लिदै गरेकी पत्नीले अर्को विवाह गरेमा भने पुर्व पतिले त्यस्तो खर्च दिइरहनु पर्दैन ।

सम्बन्ध बिच्छेद गर्दा अंश पाउनुपर्ने पत्नीले पतिको सम्पति नभएको कारणले अंश नपाएमा पत्नीले त्यस्तो पतिबाट खानलाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध बिच्छेद भएको पतिको आम्दानीको आधारमा खानलाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिको भन्दा बढि आम्दानी भएमा त्यस्तो खर्च दिनुपर्ने छैन ।

**सम्बन्ध बिच्छेद गर्दा महिलाले कस्तो अवस्थामा अंश तथा खर्च भराउन सक्दिनन् ?**
(क) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा
(ख) पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,
(ग) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

**पति पत्नीको सम्बन्ध बिच्छेदपछि छोरा छोरी कस्ले राख्न पाउँछन् ?**
(क) पाँच बर्ष उमेर पूरा नभएको नाबालक सन्तानको हकमा आमाले राख्न चाहेमा अर्को विवाह

गरे वा नगरेपनि आफूसँग राख्न सक्छिन् ।

(ख) पाँच बर्षभन्दा माथिको नाबालक सन्तान छ भने आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले ।

(ग) अन्य अवस्थामा बाबुको जिम्मामा रहनेछ ।

(घ) आमा-बाबु दुवैको सहमति भएमा सहमति बमोजिम आलो पालो गरी राख्न सक्नेछन् ।

(ङ) दश बर्ष उमेर पूरा भएका नाबालकको सम्बन्धमा कस्ले राख्ने भन्ने विषयमा विवाद आएमा निर्णय लिंदा सम्बन्धित नाबालकको समेत राय लिन सकिन्छ ।

(च) पति-पत्नी भिन्न भएकोमा निजहरुको नाबालक सन्तानको पालनपोषण शिक्षा तथा उपचारको व्यवस्था नाबालक जिम्मा लिने आमा वा बाबु भन्दा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने सहमति भए सहमति बमोजिम र सहमति नभए अदालतले तोके बमोजिमको खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।

बच्चा जसको संरक्षणमा रहने भएता पनि दुवै -आमा र बाबु)ले बच्चालाई भेटघाट गर्ने सुविधा पाउँदछन् । नाबालकको हितमा निर्णय गर्नुपर्ने विषयमा विवाद भएमा बच्चा जसको संरक्षणमा रहेको छ निजले नै निर्णय गर्न पाउनेछ ।

**सम्बन्ध बिच्छेदपछि बच्चा जन्मिएमा के हुन्छ ?**

सम्बन्ध बिच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा अन्यथा प्रमाणित नभए उक्त बच्चा सम्बन्ध बिच्छेद भएकै श्रीमानको मानिन्छ । अदालतमा सम्बन्ध बिच्छेदको निवेदन वा प्रतिउत्तर दर्ता गर्दा महिला आफू गर्भवती भए नभएको कुरा खुलाउनु पर्दछ ।

**सम्बन्ध बिच्छेदको लागि कहाँ र कसरी निवेदन गर्ने ?**

सम्बन्ध बिच्छेदको लागि पति वा पत्नी मध्ये एकले सम्बन्धित जिल्ला अदालतमा कानूनले तोकेको ढाचाँमा निवेदन तयार गरी दर्ता गराउँनु पर्छ । पति पत्नी दुबै सम्बन्ध विच्छेदको लागि मन्जुर रहेछन् भने एकजनाले निवेदन दायर गर्ने र भोलिपल्ट अर्कोले प्रतिउत्तर दायर गर्ने । त्यसपश्चात पति पत्नी दुबैले सम्बन्ध विच्छेद हुने गरी मिलापत्र गरीपाउँन संयुक्त निवेदन दिन सक्नेछन् । यसरी निवेदन परेमा सोही दिन जिल्ला न्यायधिसले सम्बन्ध बिच्छेद गराईदिन सक्छन् ।

तर दुबै पक्ष मन्जुर नभएकोमा अदालतमा निवेदन परेपछि अदालतले भरसक दुवै पक्षलाइ सम्झाई-बुझाई मेलमिलाप गराउछ । मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध बिच्छेद हुन उपयुक्त देखेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध बिच्छेद गराई दिन्छ ।

## ग. महिलाको सम्पत्ति सम्बन्धी अधिकार

**सम्पत्ति भनेको के हो ?**

सम्पत्ति भनेको जिविकोपार्जनका लागि तथा उपभोग गर्न, खरिद बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोवार गर्न वा कुनै लाभ प्राप्त गर्न विनिमय गर्न सकिने भौतिक चिज जस्तै नगद वा बस्तु लाई सम्पत्ति भनिन्छ ।

**सम्पत्ति कति प्रकारका हुन्छन् ?**

**चल सम्पत्ति**

सजिलै एक ठाउँबाट अर्को ठाउँमा लान, चलन चलाउन, लेनदेन गर्न सकिने सम्पत्तिलाई चल सम्पत्ति भनिन्छ । जस्तैः नगद वा नगदसरह कारोवार हुने वस्तु वा विदेशी मुद्रा, सुन चाँदी, जवाहरत, रत्न, गर-गहना, ऋणपत्र, धितोपत्र, विनिमयपत्र आदी लगायतबाट प्राप्त हुने लाभ, बौद्धिक सम्पत्ति, व्यापारिक ख्याति वा फ्रन्चाईज आदि ।

**अचल सम्पत्ति**

भौतिक स्वरुप परिवर्तन नगरी जस्ताको तस्तै एक ठाउँबाट अर्को ठाउँमा लान नसकिने, लिनु दिनु वा स्वामित्व हस्तान्तरण गर्नु परेमा कानुनी प्रावधान पूरा गर्नुपर्ने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ । जस्तैः जग्गा, जमिन, जमिनसँग जोडिएको संरचना, खानी, ढुंगा, खनिज, पानी, नदी, ताल-तलैया, रुख-विरुवा, फलफुलका बोट आदि ।

**महिलालाई कहिले देखि अशं हक प्राप्त हुन्छ ?**

जन्मको आधारमा महिलालाई जन्मे देखिनै छोरासरह पैतृक सम्पत्तिमा अंश हक प्राप्त हुन्छ र विवाहको आधारमा महिलाको विवाह भएको मिति देखि निजको श्रीमानबाट अशं हक प्राप्त हुन्छ ।

**कस्तो सम्पत्तिमा महिलाको एकलौटी हक लाग्छ ?**

महिलाको निजी सम्पत्तिमा उनको एकलौटी हक लाग्छ । कुनै पनि व्यक्तिले आफूले आर्जन गरी आफ्नो नाममा राखेका र त्यसबाट बढे-बढाएका निम्न प्रकारका सम्पत्तिलाई निजी सम्पत्ति भनिन्छ ।

- आफ्नो ज्ञान, शीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति
- दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको,
- चिठ्ठा उपहार स्वरुप प्राप्त गरेको,

- पारिश्रमिक, उपदान, निवृतिभरण, उपचार खर्च, सञ्चयकोष, बीमा वा अन्य सामाजिक सुरक्षा बापत प्राप्त गरेको रकम,
- बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको रकम,
- मानो छुट्टिई पाएको वा आफ्नो खति-उपति गरी कमाएको
- महिलाले विवाहपूर्व कमाएको वा विवाहको समयमा प्राप्त गरेको र बढे-बढाएको,
- महिलालाई पति वा पति तर्फका सबै अंशियारहरुको मन्जुरीले एकलौटी हुने गरी लिखत गरि दिएको चल-अचल सम्पत्ति र सोबाट बढे-बढाएको,
- कानून बमोजिम कुनै व्यक्तिको निजी सम्पत्ति मात्रै उल्लेख गरेको ।

**कस्तो सम्पत्तिबाट महिलाले अंश हक प्राप्त गर्दछिन् ?**

संगोलको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति बाट । अंशियारहरु मध्ये जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति मानिन्छ । निम्न बमोजिमको सगोलको सम्पत्तिबाट महिलालाई अंश हक प्राप्त हुन्छ ।

- पुर्ख्यौली सम्पत्तिबाट
- निजी बाहेक अंशियारका नाममा रहेको अन्य सम्पत्ति
- अंशियारले संगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे-बढाएको सम्पत्ति ।

**यो पनि थाहापाई राखौं**

कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे-बढाएको सम्पत्ति पति-पत्नीको लागि सगोलको सम्पत्ति मानिन्छ ।

बाबुआमाले निजी रुपमा आर्जन गरेको सम्पत्ति पनि छोराछोरीको लागि भने पैत्रीक सम्पत्ति मानिन्छ ।

**महिला कुन कुन अवस्थामा अशिंयार हुन्छिन ?**

**जन्मको आधारमा छोरीको अवस्था**

पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकार हुन्छ र छोरासरह जन्मनासाथ अशिंयार हुन्छिन । विवाह वा अन्य कुनै आधारमा छोरीलाई अंशहकबाट बञ्चित गर्न मिल्दैन । विवाहित छोरीले अंश माग्दा निजको विवाह भएको दिनलाई मानो छुट्टिएको मिति मानिन्छ । छोरीले अंश वापत पाएको चल, अचल सबै सम्पत्ति भोगचलन, बेचविखन आफूखुश गर्न सक्दछिन्, कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन ।

**विवाहको आधारमा श्रीमती(सधवा)को अवस्था,**

विवाहको आधारमा महिलाको अंशहक निजको पतिसंग जोडीएको हुन्छ र पतिको भागबाट अंश पाउँने अधिकार हुन्छ । पतिले पत्नीलाई खान लाउँन नदिएमा, घरबाट निकाला गरिदिएमा वा शारिरीक वा मानसिक यातना दिएमा जुनसुकै बेला पत्नीले अंश लिई भिन्न बस्न सक्छिन् । त्यसरी अंश वापत प्राप्त गरेको चल-अचल सम्पत्ति भोग-चलन गर्न, बेचविखन गर्न कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन, आफूखुश गर्न सक्छिन ।

**एकल (श्रीमान्को मृत्यु पश्चात्) अवस्था**

श्रीमान्को मृत्यु पश्चात् महिलाले चाहेमा जहिलेसुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन । त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाले जुनसुकै प्रकृयाले भोग चलन गर्न, बेचविखन गर्न, दान-दातव्य गरी दिन कोही कसैको मन्जुरी लिईराख्नु पर्दैन, आफ्नो खुश गर्न सक्छिन् । तर निजले अर्को विवाह गरेमा यसरी अंश वापत पाएको सम्पत्ति अघिल्लो पति तर्फ छोराछोरी भए छोराछोरीले र नभए आफैंले लिएर जान पाउछिन ।

**सम्बन्ध बिच्छेद गर्दाको अवस्था**

पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले अंश लिएर सम्बन्ध बिच्छेद गर्न सक्छिन । यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछिन् । यस्तो सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफूसँगै लान पाउँछिन, पहिलो श्रीमानलाई फर्काउनु पर्दैन ।

सम्बन्ध बिच्छेद गरेकी महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति बाँकी रहेमा अघिल्लो श्रीमान पट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो श्रीमानले र अन्य सम्पत्ति माईतीपट्टिका हकवालाले पाउनेछन् ।

**अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा के हुन्छ ?**

अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ । तर, गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा वा जन्मे पछि मृत्यु भएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी बाडी लिन पाउछन ।

**अंशवण्डा सम्बन्धी अन्य मुख्य व्यवस्थाहरु :**

कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका

दम्पत्तिबाट जन्मिएका छोराछोरीले त्यस्ता बाबुआमाबाट अंश पाउछन् ।

- बाबुको पहिचान नभएका छोराछोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउछन् ।
- प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोराछोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउदैनन् ।
- कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोराछोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउछन् ।
- पत्नी जीवित हुने कुनै व्यक्तिले अंशबण्डा नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफूले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्छ ।
- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउछन् ।
- अंश नहुँदै पति वा बाबुआमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोराछोरीले पाउछन् ।

## ३. मुलुकी अपराध संहिता २०७४ मा महिला हिंसा विरुद्ध भएका कानूनी व्यवस्थाहरु

क. **बालविवाह**

**बालविवाह भने को के हो ?**

कानूनले विवाह गर्न योग्य भनी तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह बालविवाह हो । कानूनले तोकेको उमेर अर्थात् २० वर्ष पूरा गरेपछि मात्र विवाह गर्नु पर्दछ । २० बर्षभन्दा कम उमेरका वालवालिकाको विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । कानूनले बालविवाह गर्ने वा गराउँने कार्यलाई कसुर मानेको छ र यस्तो कसुर दण्डनिय हुन्छ । कानूनले वालवालिकाको संरक्षकको मन्जुरी भए पनि नभए पनि विवाह गर्दा २० बर्ष पूरा भएको हुनुपर्छ ।

**बालविवाह विरुद्ध उजुरी गर्ने निकाय कुन हो र कहिलेसम्म उजुरी गरीसक्नुपर्छ ।**

बालविवाहको कसुर भएमा वा हुन लागको थाहा पाएमा तुरुन्तै प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ । यस्तो कसुर भएको तुरुन्तै थाहा नभएमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ ।

**सजाय**

बालविवाहको कसूर गर्ने वा गराउनेलाई ३ बर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**बुझिराखौं :**
यदि कसैले बालविवाह गरेको रहेछ र सन्तान जन्मेको रहेछ भने त्यस्तो सन्तानले बाबु-आमाबाट अंश पाउनेछन् ।

ख. बहुबिबाह

**बहुविवाह भने को के हो ?**
एउँटा विवाहित पुरुषले आफ्नो वैवाहिक सम्बन्ध कायम रहेकै अवस्थामा अर्को विवाह गरेमा बहुविवाहको कसुर गरेको मानिन्छ र यस्तो कसूर कानून बमोजिम दण्डनिय हुन्छ ।

कुनै महिलाले विवाहित पुरुष हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग विवाह गर्नु हुँदैन । महिलाले त्यस्ता पूरुषसंग विवाह गरेमा एकातर्फ पूरुषले पाउँने सजाय बराबरको सजाय भोग्नुपर्छ भने अर्कोतर्फ उक्त विवाहले कानूनी मान्यता पनि पाउँदैन ।

**बहुविवाहको कसुरमा के-कति सजाय हुन्छ ?**
बहुविवाह गर्ने गराउने व्यक्तिलाई १ बर्षदेखि ५ बर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ । तर मुलुकी अपाराध संहिता लागू हुनु अघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा भने यो कानूनी ब्यबस्था लागु हुदैन ।

**कस्तो अवस्थामा कानूनले पूनः विवाह गर्न रोक लगाएको छैन ?**
(क) पति-पत्नीबीच सम्बन्ध बिच्छेद गरी वैवाहिक सम्बन्ध अन्त्य भई एकल रहेको अवस्थामा,
(ख) पति वा पत्नीको मृत्यु भई एकल रहेको अवस्थामा,
(ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भई बसेको अवस्थामा ।

**बहुविवाहको कसुरमा कहाँ कस्ले उजुरी गर्न सक्छ ?**
बहुविवाहको कसुरमा पीडित श्रीमती, छरछिमेक आफन्त जो सुकैले पनि उजुरी दिन सक्दछन् । यस्तो उजुरीलाई जाहेरी दरखास्त भनिन्छ । बहुविवाहको कसुरमा घटना भएको क्षेत्रको प्रहरी कार्यालय वा पीडितको नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्छ ।

**बहुविवाहको कसुर गरेकोमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ ?**
बहुविवाहको कसुर भएको कुरा थाहा पाएको मितिले ३ महिना भित्र उजुरी गरीसक्नु पर्छ । ३ महिनाको हदम्याद नाघेपछि भने उजुर लाग्दैन ।

**बहुविवाहको कानूनी परिणाम के हुन्छ?**

- बहुविवाह भएमा त्यस्तो विवाह स्वतः बदर हुन्छ ।
- बहुविवाह गर्ने पुरुष र महिला दुबैलाई कानून बमोजिम सजाय हुन्छ । बहुविवाह गर्ने श्रीमानसंग विवाह गरी आएका त्यस्ता महिलाको विवाह स्वतः बदर हुने भएकोले त्यस्ती महिलाले त्यस्ता श्रीमानसंग अंश दावी गर्न सक्दीनन् ।
- बहुविवाह गर्ने पतिसँग पहिलो पत्नीले चाहेमा सम्बन्ध बिच्छेद गर्न सक्छिन ।
- बहुविवाह गर्ने पतिसँग पहिलो पत्नीले चाहेमा आफ्नो अंश भाग लिई छुटटै भिन्न बस्न सक्छिन ।

**बहुविवाहको परिणाम स्वरुप बच्चा जन्मिएमा के हुन्छ?**

बहुविवाह स्वत : वदर भए पनि त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन । उसले आमा बाबुबाट अंश प्राप्त गर्नेछ भने जन्मदर्ता तथा नागरिकताको हक समेत सुरक्षित हुनेछ ।

## ग. हाडनाता विवाह

**हाडनातामा हुने विवाह भनेको के हो ?**

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको प्रचलन अनुसार विवाह गर्न हुने नाता सम्बन्ध बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गरेमा त्यसलाई हाडनातामा हुने विवाह भनिन्छ । कानून बमोजिम हाडनातामा विवाह गर्ने कार्यलाई कसुर मानेको छ ।

तर आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्दा कानून विपरित मानिदैन ।

**हाडनातामा विवाह भएमा के हुन्छ ?**

थाहा पाई वा नपाई जुनसुकै तवरबाट हाडनातामा विवाह भएको रहेछ भने यस्तो विवाह स्वतः वदर हुन्छ ।

**हाडनातामा विवाह भए कस्तो सजायको ब्यबस्था छ ?**

कसैले जानिजानि हाडनाता विवाह गरेको रहेछ भने त्यस्तो विवाहलाई हाडनाता विवाहको कसूर गरेको मानिन्छ र यस्तो कसुर गर्नेलाई हाडनाता करणीको कसुरमा गर्ने सजाय र गराउनेलाई ३ महिनासम्म कैद वा ३ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## घ. झुक्याई गरिने विवाह

**झुक्याई गरिने विवाह भने को के हो ?**

विवाह गर्दा महिला र पूरुषको परिवार तथा पहिचानको विषय, शारिरीक, सामाजिक अवस्था जे-जस्तो छ, त्यसको यथार्थ कुरा दुवै पक्षले एक अर्कालाई जानकारी गराउनु पर्दछ र जानकारी पश्चात दुवै पक्षले सो अवस्थालाई स्विकार गरेर विवाहको मन्जुरी दिएमात्र विवाह गर्नु पर्दछ । त्यसरी आफ्नो भएको ब्यहोरा जानकारी नदिई लुकाई-छिपाई झुक्याएर गरेको विवाहलाई झुक्याई विवाह भनिन्छ ।

**निम्न अवस्थाको व्यक्तिसंग झुक्याई विवाह भएमा विवाह बदर गराउन सकिन्छ ;**

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भएकोमा,

(ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको,

(घ) होश ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

**झुक्याई विवाह भएमा मर्का पर्ने पक्षको लागि कस्तो कानूनी ब्यबस्था छ ?**

झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिव क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

**उजुरी गर्ने निकाय र हदम्याद**

झुक्याई गरिएको विवाह बदरको लागि सम्बन्धित जिल्ला अदालतमा फिराद दिनुपर्दछ । यसरी झुक्याई गरिएको विवाह बदरको लागि विवाह गरेको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ ।

**मन्जुरीबिना विवाह गराएमा के हुन्छ ?**

बिबाह गर्ने महिला पुरुष दुबैको स्वतन्त्र मन्जुरी बिना कसैले कसैको विवाह गर्न गराउन हुँदैन । यसरी मन्जुरी बिना भएको वा गराईएको विवाह बदर हुन्छ । विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मन्जुरीलाई भने मन्जुरी मानिदैन । मन्जुरीबिना विवाहको कसूर गर्ने गराउनेलाई २ बर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**कस्तो विवाह स्वत : बदर हुन्छ ?**

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरूबीच भएको विवाह,

**कस्तो विवाह बदर गराउन सकिन्छ ?**

(क) विवाह गर्ने उमेर पूरा नभई विवाह भएकोमा,

(ख) झुक्याई विवाह गरे वा गराएकोमा,

**थाहापाई राखौं**

तर, विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ

## ङ. जबर्जस्ती करणी (बलात्कार)

**जबरजस्ती करणी भनेको के हो ?**

कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा **जबरजस्ती** करणी गरेको मानिनेछ । साधारण बोलचालको भाषामा यसलाई बलात्कार पनि भनिन्छ ।

**कस्तो अवस्थामा गरेको करणी जबरजस्ती करणी हुन्छ ?**

(क) महिलालाई निजको मञ्जुरी नलिई जबरजस्ती करणी गरेमा । करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी, बन्धक बनाई लिएको मञ्जुरीलाई र होश ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिदैन ।

(ख) १८ बर्षभन्दा कम उमेरको बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा ।

(ग) गुदद्वार, मुखमा वा योनीमा लिङ्ग केहीमात्र प्रवेश भएको रहेछ भने पनि जबरजस्ती करणी गरेको मानिन्छ ।

(घ) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिन्छ ।

**जबरजस्ती करणी गर्ने ब्यक्तिलाई करणी गर्दाको परिस्थिती र महिलाको उमेर हेरी निम्न सजाय हुन्छ ।**

- दस वर्षभन्दा कम उमेरकी बालिका, पुर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्ष भन्दा बढी उमेरको महिलाई जबरजस्ती करणी गरेकोमा जन्मकैद ।

- दस वर्ष वा दस वर्ष भन्दा माथि चौध बर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेकोमा अठार वर्षदेखी २० वर्ष सम्म कैद ।
- चौध बर्ष वा चौध बर्ष भन्दा बढी सोह्र वर्ष भन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेकोमा १२ वर्षदेखी १४ वर्ष सम्म कैद ।
- सोह्र बर्ष वा सोह्र बर्ष भन्दा बढी अठार बर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेकोमा १० बर्षदेखि १२ बर्षसम्म कैद सजाय हुन्छ ।
- अठार बर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जबरजस्ती करणी गरेमा ७ बर्षदेखि १० बर्षसम्म कैद सजाय हुन्छ ।

**वैवाहिक बलात्कार सम्बन्धी कसूर भनेको के हो ?**
वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई निजको मन्जुरी बेगर जबरजस्ती यौन सम्बन्ध राखेमा गरेमा वैवाहिक बलात्कारको कसूर हुन्छ । पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पतिलाई वैवाहिक बलत्कारको सजाय स्वरुप ५ बर्ष सम्म कैद सजाय हुन्छ ।

निम्न अवस्थामा जबर्जस्ती करणी गरेमा वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन, यस्तो अवस्थामा गरेको जबर्जस्ती करणी सम्बन्धी कसूरमा अन्य महिला विरुद्ध गरेको कसूर सरह सजाय हुन्छ ।

क. पतिसंग मानो छुटिई अंश मुद्दा चलेको ।
ख. पतिसंग अंश लिई छुट्टै बसेको ।
ग. पतिसंग सम्बन्ध बिच्छेद मुद्दा चलेको ।

**वैवाहिक बलत्कारको पीडित महिलाको कस्तो कानूनी संरक्षण हुन्छ ?**
अन्तरिम संरक्षणात्मक आदेश : पीडितले निवेदन दिई माग गरेमा अदालतले यस्तो पीडित पत्नीलाई बसी आएको घरमै बस्न दिन, खानलाउन दिन, कुटपिट नगर्न तथा शिष्ट वा सभ्य व्यवहार गर्न, आवश्यक उपचार गराउन, आवश्यक देखेमा पतिलाई अलग्ग बस्न, पत्नीलाई भरण पोषणको व्यवस्था गर्न, दुःख दिन वा सताउने कार्य नगर्न, पत्नीको हित सुरक्षाको निमित्त आवश्यक कुरा गर्न गराउन पिडक पतिको नाउँमा अन्तरिम आदेश दिन सक्नेछ ।

**हाडनाता करणी भनेको के हो ?**
कुनै व्यक्तिले आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन परम्परा वा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानी जानी करणी लिनु दिनु गरेमा त्यसलाई हाडनाता करणी भनिन्छ जुन कानूनी रुपमा दण्डनिय हुन्छ ।

**हाडनाताभित्र करणी गरेमा के कस्तो सजाय तथा जरिवाना हुन्छ ?**

- जन्म दिने आमा छोरा र बाबु छोरीको करणी भए जन्मकैद
- सौतिनी आमा छोरा वा बाबु छोरी, सहोदर दिदी भाई वा दाजु बँहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाको जेठाजु र भाई बुहारी वा देवर भाउँजु को करणी भएमा ४ बर्षदेखि १० बर्षसम्म कैद र ४० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुन्छ ।
- एकै हाँगाको तीन पुस्तासम्मको बज्यै नाति वा पनाति, एकै हाँगाको ठूलोबुवा वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भान्जी वा भानिज माईजु, आमा तर्फका ठूलीआमा वा सानी आमा र छोरा, आफ्नो श्रीमती तर्फको सासु र ज्वाँईको करणी भएमा ३ बर्षदेखि ६ बर्षसम्म कैद र ३० हजारदेखि ६० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- माथि उल्लेखित नातादेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो नाता र पुस्ता समेत विचार गरी १ बर्षदेखि ३ बर्षसम्म कैद १० हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**कस्तो अवस्थाको जवरजस्ती करणीमा थप सजाय हुन्छ ?**

- कसैले छ महिनाभन्दा बढीको गर्भवती, असक्त वा अपांङ्ग, शारिरीक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई सामूहिक जबरजस्ती करणी गरेमा थप ५ वर्ष कैद सजाय हुन्छ ।
- कसैले हाडनाताकी महिलालाई जबरजस्ती करणी गरेमा उमेर अनुसार जबरजस्ती करणीमा हुने सजाय र हाडनाता करणीमा हुने सजाय समेत गरी दुवै सजाय हुन्छ ।
- मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी.पोजेटिभ)रोग लागेको थाहा पाउँदा-पाउँदै कसैले जबरजस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई १० बर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ । त्यस्तो रोग सार्ने नियत नभई लापरवाही वा हेलचेक्राईबाट सर्न गएको रहेछ भने ३ बर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
- अन्य यौनजन्य सरुवा रोग भएको थाहा पाउँदा-पाउँदै जबरजस्ती करणी गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिएमा ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने उक्त सजायमा यो सजाय समेत थप हुनेछ ।
- आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिलाई त्यसरी संरक्षण दिने वा हेरबिचार गर्ने व्यक्तिले करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा वा होश ठेगानमा नरहेकी वा शारिरीक वा मानसिक रोग लागि उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा

पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने उक्त सजायमा यो सजाय समेत थप हुनेछ ।

- सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामको लागि आएको सेवाग्राहीसँग सो कार्यालयको कर्मचारीले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न सहयोग गरेमा चार बर्षसम्म कैद र चालिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने उक्त सजायमा यो सजाय समेत थप हुनेछ ।

**जबरजस्ती करणी गर्ने व्यक्तिलाई पीडित महिलाले मारेमा के हुन्छ ?**

प्रत्येक व्यक्तिलाई आफ्नो तथा अरु कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानुनी क्षतिबाट बचाउने अधिकार हुन्छ । निजी रक्षाको लागि तत्काल कुनै काम नगरेमा आफ्नो वा अरु कसैको जिउ ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतीबाट बचाउन सकिँदैन भन्ने मनासिब कारण स्वरुप निजी रक्षाको अधिकार प्रचलन गर्दा भए गरेको कुनै काम कसुर मानिदैन । यदि कुनै महिलाले आफूमाथि जबरजस्ती करणी हुनेसम्मको ठूलो डर, त्रास परी जवरजस्ती करणी नहुँदै वा जवरजस्ती करणी भईसकेपछी तत्कालै केही गर्दा करणी गर्ने मान्छे मरेमा ती महिलालाई सजाय हुँदैन ।

**जबरजस्ती करणीमा कहाँ र कस्ले उजुरी गर्ने ?**

यदि कसैलाई जबरजस्ती करणी (बलात्कार) भएमा सकेसम्म घटना हुने वित्तीकै वा घटना घटेको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी दिनु पर्दछ । जबरजस्ती करणीमा पीडित, नावालक पीडितको हकमा संरक्षक तथा थाहा पाउने जोसुकैले पनि उजुरी गर्न सक्छ ।

**जबरजस्ती करणीमा कति समयभित्र उजुरी गर्नुपर्दछ ?**

- नावालक, पुर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्ष भन्दा बढी उमेरको महिलाई जबरजस्ती करणी भएकोमा तिन वर्ष भित्र उजुरी गर्न पाइन्छ ।
- नावालक माथि जबरजस्ती करणी भएकोमा नावालक पीडित अठार वर्ष पुगेको मितिले जबरजस्ती करणी भएकोमा तिन वर्ष भित्र उजुरी गर्न पाइन्छ ।
- उमेर पुगेको महिलामाथि जबरजस्ती करणी भएकोमा दुई वर्ष भित्र उजुरी गर्न सक्छ ।

**जानी राख्नुपर्ने कुरा**

जबरजस्ती करणीमा उजुरी गर्न पाउँने समय लामो छ भनेर कुरेर नबसौ, घटना घटेपछी सकेसम्म छिटो उजुरी गर्नुपर्छ जति छिटो उजुरी गर्यो प्रमाण संकलन छिटो हुने हुँदा प्रमाण लोप हुन पाउँदैन र पिडक पनि भाग्न पाउँदैन ।

**जबरजस्ती करणी भएमा तुरुन्तै के गर्नुपर्दछ ?**

- जबरजस्ती करणी हुँदाको अवस्थामा लगाएको कपडा र भित्री बस्त्र तथा यौन अंग धुनु नुहाउँनु हुदैन, धोए प्रमाणहरु नष्ट हुन्छन् ।
- तुरुन्तै नजिकको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्रमा गएर लिखित वा मौखिक सुचना वा जाहेरी दिनुपर्छ ।
- प्रहरीको सहयोग लिएर तुरुन्तै शारिरीक परीक्षणका निम्ति अस्पताल जानुपर्छ
- जबरजस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउनुपर्छ । बलात्कारमा संकलन भएका प्रमाण र डाक्टरको रिपोर्ट महत्वपूर्ण हुन्छ ।

## च. यौन सम्बन्धी अन्य कसूरहरु

**यौनजन्य दुर्व्यबहार सम्बन्धी कसूर भनेको के हो ?**

आफ्नो पति-पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मन्जुरीबिना करणीको आशयले समातेमा, संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा, भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा गरेमा, अस्वभाभिक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अंग छुन समाउन लगाएमा, अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा सांकेतिक रुपमा वा विद्युतिय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा अस्वभाविक अवान्छित वा अर्मयादित व्यवहार गरेमा यौन दुव्यवहारको कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**बाल यौन दुरुपयोग सम्बन्धी कसूर भनेको के हो ?**

कसैले करणी गर्ने उद्देश्यले अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौनसम्बन्धी अंग छुने, समाउने गरेमा वा आफ्नो यौन सम्बन्धी अंग छुन समाउन लगाएमा वा अन्य अस्वभाविक यौनजन्य व्यवहार गरेमा बाल यौन दुरुपयोगको कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**अप्राकृतिक मैथुन सम्बन्धी कसूर :**

कसैले कसैको मन्जुरीबिना अप्राकृतिक मैथुन गरे वा गराएमा यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ । नावालकले दिएको मन्जुरीलाई मन्जुरी मानिदैन । जुनसुकै व्यहोराले बालबालिका माथि अप्राकृतिक मैथुन गरेमा जवरजस्ती करणीमा हुने सजाय हुन्छ ।

**यौनजन्य हिंसामा अदालती कारवाही सम्बन्धमा कानूननमा भएका विशेष व्यवस्था :**

**बन्द इजलासमा सुनुवाई**

यौनजन्य अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारी बाहेक अन्य व्यक्ति मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन पाउँदैनन् ।

**पीडितको बयानमा विशेष व्यवस्था**

जबरजस्ती करणी र यौनजन्य हिंसाका मुद्दामा पीडितको बयान गराउँदा सकेसम्म महिला कर्मचारीले र महिला कर्मचारि नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य कर्मचारीले बयान गराउनु पर्नेछ ।

**जबरजस्ती करणी र यौनजन्य हिंसाबाट बच्नका लागि कस्ता सावधानीहरु अपनाउनु पर्छ ?**

- अति घनिष्ठ मैत्री सम्बन्ध भएका व्यक्ति तथा विपरीत लिङ्गीसँगको मैत्री सम्बन्धमा होशियार रहनुपर्छ ।
- आफ्नो व्यक्तिगत विवरण जो कोहीले थाहा पाउँनेगरी सामाजिक सन्जालमा सार्वजनिक गर्नुहुदैन ।
- अपरिचित व्यक्तिहरुलाई आफ्नो व्यक्तिगत विवरण दिने र अनावश्यक कुरा गर्ने गर्नुहुन्न ।
- एकलास वा अन्धकारमय क्षेत्रमा हिंड्दा सकेसम्म एक्लै नहिड्ने र हिड्नै परे होशियार भई कुनै सुरक्षाको विकल्प व्यबस्थापन गरेर मात्र हिड्नुपर्छ ।
- यात्राको अवस्थामा अन्जान व्यक्ति वा चिनजानकै व्यक्तिले पनि अस्वभाविक रुपमा दिएको दिएको खानेकुरा वा पेय पदार्थ सेवन नगर्नु र उपहार पनि नलिनु ।
- पुरुष साथीले भेट्न वा घुम्न एक्लै वा एकान्त वा नयाँ ठाउँमा बोलाएमा जानु हुदैन । यसरी भेट्नु परे सार्वजनिक र मानिसको चहलपहल हुने ठाउँमा मात्र घुम्न जानुपर्छ ।
- आफू कहिँ घरबाहिर घुम्न वा अरु कुनै कामले जाँदा कहाँ जाने को संग जाने परिवारलाई सम्पुर्ण जानकारी दिएर मात्र जानुपर्छ ।
- बालबालिकालाई उनीहरुका यौन अंगहरुको बारेमा, राम्रो मनसायले गरिएको स्पर्श र नराम्रो मनसायले गरिएको स्पर्शको सम्बन्धमा जानकारी गराउनु पर्छ ।
- बालबालिकालाई शिक्षक तथा अन्य कुनै व्यक्तिले शरिरका अंग चलाउने छुने गरे नाई भन्नुपर्छ भनी सिकाउँनु पर्छ ।
- बालबालिकालाई खुलेर बोल्ने वातावरण दिनुपर्छ र उनीहरुले बोलेका हरेक कुरालाई ध्यानपूर्व सुन्ने, उनिहरुलाई सहि गलतको बारेमा जानकारी गराउँने र गलतको प्रतिकार गर्नुपर्छ भनेर सिकाउनु पर्छ । साथै उनिहरुको दैनिक ब्यबहारमा कुनै परिवर्तन आएको छ छैन याद गर्नुपर्छ ।

## छ. गाली बेईज्जती

**गाली भनेको के हो ? कसैले कसैलाई गालि गरेमा कस्तो सजाय हुन्छ?**
कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिन्छ । यो कानूनी रुपमा दण्डनिय हुन्छ । यस्तो कसूर गर्ने वा गराउँने व्यक्तिलाई १ बर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

**बेईज्जती भनेको के हो ? कसैले कसैको बेईज्जत गरेमा कस्तो सजाय हुन्छ?**
अरुको ईज्जतमा धक्का पुर्याउने नियतले वा धक्का पुग्नसक्छ भन्ने जानजानी वा विश्वास गर्ने मनासिव कारण भई लेखेर, आचरण चिन्ह वा जुनसुकै तवरले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको चरित्र, आचरण नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्रहत्या गरेमा, दोष लगाएमा वा प्रचार-प्रसार प्रकाशन गरेमा कसैको बेईज्जती हुने चिज जानीजानी बिक्री वितरण गरिएमा, व्यङ्ग्य गरी वा घुमाउरो तवरले कुनै आक्षेप लगाएमा बेइज्जती गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई २ बर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**यदि विद्युतिय वा आमसञ्चार माध्यमबाट बेईज्जती गरे गराएको रहेछ भने उक्त सजायमा थप १ बर्ष कैद र दश हजार जरिवाना हुनेछ ।**

**गालि बेईज्जतीको कसुरबाट पीडितलाई क्षतिपुर्तीको ब्यबस्था हुन्छ ?**
कसैले कसैको बेईज्जती गरेको ठहरिएमा कसूरको गाम्भिर्यता, व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर समेतलाई बिचार गरी मनासिव क्षतिपूर्ति र मुद्दामा लागेको खर्च समेत भराउन सक्छ ।

**कसैले गालि बेइज्जती गरेमा कँहा गएर उजुरी गर्ने र कहिले सम्ममा गर्ने ?**
गाली बेइज्जती भएमा सम्बन्धित जिल्ला अदालतमा फिराद दायर गराउनु पर्छ । फिराद दायर गर्दा गालि बेईज्जत भएको वा थाहा पाएको मितिले ३ महिनाभित्र दायर गराईसक्नुपर्छ ।

## ज. छाउपडी सम्बन्धि कसुर

महिला रजस्वला वा सुत्केरी अवस्थामा छाउपडीमा राख्न वा यस्तै अन्य कुनै किसिमको भेदभाव छुवाछुत वा अमानविय व्यवहार गर्न गराउनु हुँदैन । यदि कसैले यस्तो ब्यबहार गरेमा छाउपडी सम्बन्धि कसुर गरेको मानिन्छ ।

छाउपडी सम्बन्धि कसूर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा

दुवै सजाय हुनेछ । कुनै राष्ट्र सेवकले यस्तो कसूर गरेमा निजलाई थप ३ महिनासम्म कैदको सजाय हुनेछ ।

### क्षतिपूर्ति

पीडितलाई पुगेको पीडा वा क्षति वापत मनासिब हुनेगरी क्षतिपूर्ति भराईदिनु पर्ने ब्यबस्था गरेको छ ।

### हदम्याद

छाउपडी सम्बन्धी कसूर भए गरेको मितिले ६ महिनाभित्र उजुर गर्नुपर्नेछ ।

## झ. विवाहमा लेनदेन (दाईजो तिलक) सम्वन्धि कसुर

आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलाहा वा दुलहीको तर्फ बाट कुनै किसिमको चल-अचल, दाईजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न गराउनु हुँदैन । कसैले कुनै प्रकारले दाईजो तथा सम्पत्ति माग र लेनदेन गरेमा दाईजो तिलक सम्बन्धि कसुर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । दाईजो तिलकको रुपमा सम्पत्ति लिईसकेको भए फिर्ता गर्नु पर्नेछ ।
कसैले विवाह गरिसकेपछि चल-अचल सम्पत्ति वा दाईजो माग गर्ने वा त्यस्तो चल-अचल सम्पत्ति वा दाईजो नदिएको कारणले दुलही वा निजको नातेदारलाई कुनै किसिमले हैरान पार्ने, सताउने वा अपमानजन्य व्यवहार गर्नु हुँदैन गरेमा दाईजो माग गरेको कसुर हुन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई ५ बर्षसम्म कैद वा ५० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ । सम्पत्ति लिएको भए फिर्ता गर्नुपर्नेछ ।

### हदम्याद

यस्तो कसुर भएगरेको कुरा थाहा पाएको मितिले ३ महिना भित्र उजुरी दिनु पर्नेछ ।

## ञ. गर्भ संरक्षण विरुद्धको कसूर

### गर्भ संरक्षण विरुद्धको कसूर भनेको के हो ?

कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई ललाई-फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन । कसैले पनि गर्भपतन गर्ने वा गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउन हुँदैन । यदि कसैले यस्तो गर्छ भने गर्भ संरक्षण विरुद्धको कसुर गरेको मानिन्छ ।

**यस्तो कसूर गर्ने गराउने व्यक्तिलाई कस्तो सजाय हुन्छ ?**

यस्तो कसूर गर्ने गराउने व्यक्तिलाई गर्भ कति हप्ताको वा महिनाको हो त्यही आधारमा निम्न बमोजिम सजाय हुन्छ ।

- १२ हप्तासम्मको गर्भ भए १ बर्ष कैद र १० हजार रुपैयाँसम्म जरिवाना
- १२ हप्ताभन्दा बढी २५ हप्तासम्मको भए ३ बर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवाना
- २५ हप्ताभन्दा बढीको गर्भ भए ५ बर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना

गर्भपतन गर्ने कसूर गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको नै मानिन्छ भने कसैले गर्भवती महिलाको ज्यान लिने प्रयास गर्दा त्यस्ती महिला नमरी २५ हप्ता वा सो भन्दा माथीको गर्भपतन हुन गएमा अन्य कानून बमोजिम हुने सजायमा थप ५ बर्ष कैद हुन्छ ।

**गर्भपतन गराउँने नियत नभई अन्य कुनै काम गर्दा गर्भपतन हुन गए के हुन्छ ?**

यदी गर्भवती महिला विरुद्ध कुनै रिसिइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियत नभएता पनि निम्न बमोजिम सजाय हुन्छ ।

- १२ हप्तासम्मको गर्भ भए १ बर्ष कैद
- १२ हप्ताभन्दा बढी २५ हप्तासम्मको भए ३ बर्ष कैद
- २५ हप्ताभन्दा बढीको गर्भ भए ५ बर्षसम्म कैद हुन्छ ।

**गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान सम्बन्धि कस्तो ब्यबस्था छ ?**

गर्भपतन गर्ने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने कसूर गर्नु हुदैन । गर्भपतन गर्ने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने र गराउनेलाई ३ महिनादेखि ६ महिनासम्म कैद र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई लेखिएको सजायमा थप १ बर्ष कैद हुन्छ ।

**यस्तो कसुरको उजुरी कहाँ, कहिले र कस्ले गर्नुपर्छ ?**

गर्भ संरक्षण विरुद्धको कसूर भए गरेको मितिले ६ महिनाभित्र उजुरी दिईसक्नु पर्छ । उजुरी दिदा नजिकको वा सम्बन्धित प्रहरी कार्यालयमा पीडित वा पीडितका परिवार तथा थाहा पाउँने जो सुकैले दिन सक्छ । यस्तो कसुरको मुद्धा सरकारबादी भई चल्छ ।

**कस्तो अवस्थामा गर्भपतन गर्दा नेपालको कानूनले कसुर मान्दैन ?**

महिलालाई आफ्नो शरीरको स्व-निर्णय गर्ने हक हुन्छ र यदि कुनै महिलाले आफ्नो प्रजनन स्वास्थ्य सुरक्षाको लागि वा अनिच्छित गर्भ पतन गराउँन चाहेमा कानूनले निश्चित समय सम्मको गर्भपतन गराउँन रोक लगाएको छैन । विषेश परिस्थीतीमा गर्ने गर्भपतनालाई कानूनी मान्यता दिएको छ ।

जस्तै : गर्भवती महिलाको स्वतन्त्र मन्जुरीले १२ हप्तासम्मको गर्भपतन गराउन मिल्छ । यसैगरी गर्भपतन नगराएमा महिलाको जीउज्यानमा खतरा पुग्न सक्ने, निजको शारिरीक वा मानसिक स्वास्थ्य खराब हुनसक्ने वा विकलांक बच्चा जन्मन्छ भन्ने डाक्टरको राय भएमा त्यस्ती महिलाको मन्जुरीले गराएको गर्भपतन र जबर्जस्ती करणी, हाडनाता करणीबाट रहेको १८ हप्ता सम्मको गर्भपतन, एच.आई.भी वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मन्जुरीले गराएको गर्भपतन कसुर हुदैन ।

## ४. यौन हिंसा विरुद्धका केही ऐनलाई संसोधन गर्ने ऐन २०७९ अन्तर्गत

### क. तेजाव वा अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील जैविक वा बिषालु पर्दाथ प्रयोग गरी हुने कसूर

तेजाव भन्नाले मानव अङ्ग, जिवजन्तु वा अन्य जैविक वा गैरजैविक बस्तुलाई जलाउँने, घातक क्षती पुर्याउने, वा अन्य कुनै किसिमले गम्भीर असर पुर्याउने एसीडजन्य रासायनिक पदार्थ भन्ने बुझीन्छ साथै अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थलाई समेत जनाउँछ । कसैले कसैलाई तेजाव फ्याकी, छर्किइ, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभंङ्ग गर्नु वा गराउँनु वा शारिरीक क्षती पुर्याउँनु हुदैन ।

कुनै ब्यक्तिले अर्को ब्यक्तिको शरिरमा तेजाव वा ज्वलनशील पर्दाथ फ्याकेमा, छर्किएमा, खन्याएमा वा अन्य कुनै किसिमले कसैको शारिरीक क्षती हुने गरी प्रयोग गरेमा वा कसैलाई सेवन गराएमा निजले नियतबस वा जानी जानी ज्यान लिने वा अङ्गभंङ्ग गराउँने कसुर गरेको मानीन्छ ।

**तेजाव वा अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील जैविक वा बिषालु पर्दाथद्वारा प्रयोग गरी अङ्गभंङ्ग गराएमा हुने दण्ड सजायँ**

कसैले कसैलाई अङ्गभंङ्ग गर्ने गराउँने वा शारिरीक क्षती पुर्याउन तेजाव फ्याकी, छर्किइ, खन्याई वा प्रयोग गरी, सेवन गराउने कार्यको परिणाम स्वरुप :

- कसैको दुबै आँखा जली वा क्षती भई पुर्ण रुपमा दृष्टी नष्ट भएमा, दुबै कान जली वा क्षती भई सुन्न शक्ति पुर्ण रुपमा नष्ट भएमा, नाक जली वा क्षती भई काम नलाग्ने भएमा, अनुहार पुर्णरुपमा जली वा क्षती भई कुरुप भएमा, महिला भए दुबै स्तन जली वा क्षती भई काम नलाग्ने भएमा वा कसैको यौनाङ्ग जली वा क्षती भई नासिएमा त्यस्तो कसुर गर्ने वा गराउँने ब्यक्तिलाई २० वर्ष कैद र १० लाख रुपैया जरिवाना हुनेछ ।
- कसैको एउँटा आँखा, एउँटा कान जली वा क्षती भई काम नलाग्ने भएमा, आशिंक रुपमा

अनुहार जली वा क्षती भई कुरुप भएमा, महिला भए एउँटा स्तन जली वा क्षती भई काम नलाग्ने भएमा, दुबै हात जली काम नलाग्ने भएमा वा दुबै गोडा जली काम नलाग्ने भएमा, टाउँकोको कुनै भाग जली क्षती भएमा वा मेरुदण्ड जली वा क्षती भई काम नलाग्ने भएमा १५ वर्षदेखी २० वर्षसम्म कैद र ७ लाख रुपैयादेखी १० लाख रुपैयासम्म जरिवाना हुनेछ ।

- माथिको दुई अवस्था बाहेक कसैको शरिरको अन्य अङ्गभंङ्ग वा शारिरीक क्षती भएमा कसुरको प्रकृति बमोजिम ७ वर्षदेखी १० वर्षसम्म कैद र ५ लाख रुपैयादेखी ७ लाख रुपैयासम्म जरिवाना हुन्छ ।
- यदि कसुरबाट पीडित ब्यक्तिको तत्काल मृत्यु नभई सोही कार्यको परिणाम स्वरुप त्यस्तो कसुर भएको मितिले एक वर्षभित्र मृत्यु भएमा ज्यान मारेको कसुर मानिनेछ र ज्यान मार्ने कसुर अनुसार सजाय हुन्छ।
- कसैले उक्त कसुर गर्न लाग्दा सम्बन्धित ब्यक्तिलाई नलागेमा वा छलिएमा वा उम्किएमा त्यस्तो कार्य गर्न खोज्ने ब्यक्तिले उक्त कसुर गर्न उद्योग गरेको मानिनेछ र सो बापत ५ वर्षदेखी ७ वर्षसम्म कैद र १ लाख रुपैयादेखी ३ लाख रुपैयासम्म जरिवाना हुन्छ ।

**तेजाव वा अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील जैविक वा बिषालु पर्दाथद्वारा प्रयोग गरी आक्रमण गरेकोमा कहिले र कहाँ उजुरी गर्नु पर्छ ?**

उक्त कसुर भएमा यस्तो कसुर भए गरेको मितिले १ बर्षभित्र नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सकिनेछ । यस्ता मुद्धामा सरकार बादी भई पीडितको मुद्धामा सरकारी वकिलले प्रतिरक्षा गर्छ ।

क्षतिपूर्ति

तेजाव वा अन्य रासायनिक पदार्थ बाहेकका अन्य ज्वलनशील जैविक वा बिषालु पर्दाथद्वारा प्रयोग गरी आक्रमणमा परेका पीडितले पिडकलाई भएको जरिवाना बापतको पुरै रकम क्षतिपूर्ति बापत पाउँनेछन । कसुरबाट पीडित ब्यक्तिलाई भएको शारिरीक र मानसिक पीडा र अङ्गभंङ्गको गम्भीरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिब क्षतीपुर्ति भराई लिन पाउँने ब्यबस्था गरेको छ ।

**अपमानजनक वा अमानविय व्यवहार सम्बन्धि कसूर**

- बोक्सा वा बोक्सीकोआरोप लगाउने, वा
- बोक्सा वा बोक्सीकोआरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- सामाजिक वहिष्कार गर्ने, वा
- अन्य जुनसुकैकाम गरी क्रुर, अमानविय वा अपमानजन्य व्यवहार गर्ने ।

अपमानजनक वा अमानविय व्यवहार सम्बन्धि कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई ५ बर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

# ५. घरेलु हिंसा कसूर र सजाय ऐन, २०६६

**कस्तो हिंसालाई घरेलु हिंसा भनिन्छ?**

"घरेलुहिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

**घरेलु सम्बन्ध भएको व्यक्ति कस्लाई भनिन्छ ?**

देहाय बमोजिको सम्बन्ध भएको व्यक्ति घरेलु सम्बन्ध भित्र पर्दछ :

- बंशजको कारण भएको सम्बन्ध
- विवाहबाट भएको सम्बन्ध
- धर्मपुत्र वा धर्मपुत्रीका कारण भएको सम्बन्ध
- संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध ,
- सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध

**शारीरिक यातना भन्ना के बुझिन्छ ?**

कुटपिट गर्ने, कानूनी विपरीत थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य भन्ने बुझिन्छ ।

**मानसिक यातना भन्नाले के बुझिन्छ ?**

शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलोज गर्ने ,झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेका आधारमा अपमानित गर्ने, मानसीक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिनेवा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

**यौनजन्य यातना भन्नाले के बुझिन्छ ?**

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने, सुरक्षित यौन स्वास्थमा आघात पुग्ने कुनै पनि कार्य बुझिन्छ ।

**आर्थिक यातना भन्नाले के बुझिन्छ ?**
सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा बञ्चित गर्ने कार्य सम्झनु पर्छ । र महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेत बुझाउँछ ।

**पीडित भन्नाले के बुझिन्छ ?**
पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

**पीडक भन्नाले के बुझिन्छ ?**
पीडितसँग घरेलु सम्बन्ध भै निजविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति भन्ने बुझिन्छ । घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

**घरेलु हिंसा भएमा कहाँ उजुरी गर्ने ?**
**घरेलु हिंसा भएमा देहाय बमोजिमका ४ वटा निकायमा उजुरी गर्न सकिन्छ**
- स्थानीय तह (गाउँ पालिका/न.पा/वडा कार्यालय)
- प्रहरी कार्यालय वा
- राष्ट्रिय महिला आयोग
- सम्बन्धित जिल्ला अदालत

**घरेलु हिंसामा कसले उजुरी दिन पाउँछ ?**
घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले घरेलु हिंसा सम्वन्धी मौखिक वा लिखित उजुरी दिन सकिन्छ ।

**घरेलु हिंसा मा कति दिन भित्र उजुरी दिनु पर्दछ ?**
घरेलु हिंसा कसुर भए गरेको मितिले ९० दिनभित्र सम्वन्धित निकायमा उजुरी दिनु पर्छ ।

**अदालतले कस्तो अवस्थामा पिडितको पक्षमा अन्तरिम संरक्षणात्मक आदेश दिन्छ ?**
उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा निम्न बमोजिम आदेश दिन सक्छ
- पीडितलाई आफू बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न
- पीडितलाई आवश्यकता अनुसार उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन

- पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न
- गाली बेइज्जती गर्ने ,धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन
- पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दु:ख दिने वा सताउने कार्य नगर्न
- पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

**अदालतबाट दिएको अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरे के हुन्छ ?**

कसैले अदालतबाट दिएको अन्तरिम संरक्षणात्मक आदेश पालना नगर्ने व्यक्तिलाई २ हजार रुपैयाँ देखि १५ हजार रुपैयाँसम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

**वन्द इजलास भन्नाले के वुझिन्छ ?**

बन्द इजलास भन्नाले कारवाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र प्रवेश गर्न पाउने कानूनी व्यवस्था भन्ने बुझिन्छ । पीडितले अनुरोध गरेमा घरेलु हिंसाको उजुरी सम्बन्धी कारवाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्नेछ ।

**घरेलु हिंसाबाट पिडित व्यक्तिको उपचारको रकम कसले व्यर्होछ?**

- घरेलु हिंसाबाट पीडित व्यक्तिलाई उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।
- पीडकले खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा महिला तथा बालबालिका कार्यालयले खर्च उपलब्ध गराई सो रकम पीडकबाट पछि असुल उपर गरिन्छ ।
- पीडकले उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा संवन्धीत स्थानीय तहले खर्च उपलव्ध गराई त्यस्तो रकम पीडकबाट असुल गर्न गराउनु पर्नेछ ।
- पीडकले उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालय वा सेवा केन्द्रबाट पीडितले उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्दछ ।

**पिडितलाई क्षतिपूर्ति सम्बन्धि कस्तो ब्यबस्था छ ?**

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

**घरेलु हिंसा कसुरमा के कस्तो सजायको व्यवस्था छ ?**

- कसैले अङ्ग भङ्ग गरी वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्कीइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसुर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सयाय हुन्छ ।
- माथि लेखिए देखि वाहेक अन्य घरेलु हिंसा गरेमा ३हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

**कस्ता व्यक्तिले घरेलु हिंसाको कसुर गरेमा थप सजाय हुन्छ ?**

सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफनो पत्नी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध घरेलु हिंसाको कसुर गरेमा थप १० प्रतिशत सजाय हुन्छ ।

## ६. अपराध पीडित संरक्षण ऐन २०७५

**अपराध पीडित संरक्षण ऐन भनेको के हो ?**

नेपालको संविधानमा समावेश भएका ३१ वटा मौलिक हकहरू मध्ये अपराध पीडितको हकलाई पनि मौलिक हक अन्तर्गत राखिएको र यो हक प्रचलनको लागि अपराध पीडित संरक्षण ऐन, २०७५ लागु भएको हो । यस ऐनले अपराध पीडितको न्यायिक अधिकारहरूलाई सुनिश्चित गर्ने, अनुसन्धान तथा कारवाहीका साथै अपराध पीडितहरूका लागि कानुन बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्था समेत गरेको छ ।

**अपराध पीडित संरक्षण ऐन २०७५ के को लागी ?**

एउटा व्यक्तिले अर्को व्यक्तिलाई शारीरिक वा मानसिक क्षति पुऱ्याउने गरी केही कार्य गरेको छ भने त्यस्तो कार्यलाई अपराधिक कार्य भनिन्छ । यस दौरान त्यस्तो क्षति भोगेका पीडितहरुको संरक्षण गर्ने राज्यको दायित्व हो । यहि विषयलाई मध्यनजर गरी अपराधिक कार्यमा प्रभावित व्यक्ति र उसको हक अधिकार रक्षा गर्नको निमित्त अपराध पीडित संरक्षण ऐन, २०७५ बनेको हो ।

**यस ऐनले कस्ता ब्यक्तिलाई अपराध पिडित भनेको छ ?**
यस ऐनले अपराध पिडितलाई प्रथम स्तरको पीडित, दोस्रो स्तरको पीडित र पारिवारिक पीडित गरी तिन भागमा विभाजन गरेको छ ;

**पीडितलाई पुगेको क्षति भन्नाले के बुझिन्छ ?**
कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको देहायको क्षति :

- शारीरिक अङ्गभङ्ग,
- जबरजस्ती करणीको कारण गर्भ रहेको ,
- पीडितको शारीरिक वा मानसिक स्वास्थ्य वा आयु माथि प्रतिकूल प्रभाव पार्ने चिकित्सा विज्ञानद्वारा मान्यता प्राप्त सरुवा रोग लाग्नु,
- चिकित्सकद्वारा पहिचान गरिएको मानसिक चिन्ता, मानसिक तनाव वा क्षति,
- शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट हुनु वा सो क्षमतामाथि गम्भीर क्षति हुनु,
- जबरजस्ती करणीका कारण पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव,
- मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति,
- आर्थिक वा भौतिक क्षति,
- पीडितको शारीरिक सौन्दर्य कुरुप हुनु

**अपराध पीडितको हक अधिकार भनेको कस्ता कस्ता अधिकारहरु हुन् ?**
नेपालको संविधानले अपराध पीडितको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। संविधानमा ब्यबस्था भएको अपराध पीडितको हकलाई कार्यान्वयन गर्नको लागि अपराध पीडित संरक्षण ऐन तयार भई लागु हुँदा तल उल्लेखित अधिकारहरू फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार हरू हुन् भनी ब्यबस्था गरीएको छ।

**अपराध पीडितको सूचनाको अधिकार**

**अनुसन्धान सम्बन्धी सूचनाको अधिकार;**
कसूरका सम्बन्धमा हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारी पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले देहाय बमोजिमको सूचना पीडितलाई यथाशीघ्र दिनुपर्छ :

- पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक,मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श, अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना, अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,

- अनुसन्धान तथा तहकिकातको प्रगति विवरण, शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया, शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा, शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,
- अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुर्ण पक्राउ भएमा सो को व्यहोरा,
- अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी हिरासतबाट छाडेमा सो को व्यहोरा,

पीडितलाई त्यस्तो सूचना दिएमा सो कसूरको अनुसन्धानमा प्रतिकूल असर पर्ने संभावना भएमा वा शंकास्पद वा निजसम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुदैन तर त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहितको जानकारी भने पीडितलाई दिनु पर्छ ।

**अभियोजन सम्बन्धी सूचनाको अधिकार ;**

अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा देहाय बमोजिमको सूचना यथाशीघ्र दिनु पर्छ :

- मुद्दा नचलाउन निर्णय गरेको भएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको परिचय र निर्णय गर्नुका आधार र कारण,
- मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपि, अदालती कारवाहीको प्रक्रिया सम्बन्धी सामान्य जानकारी,
- मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा थप माग दावी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको अन्य सबै आदेशहरु, पेश भएका प्रमाण ब्यहोराहरु
- पीडित व्यक्ति कसूरको साक्षी समेत भएकोमा निजले साक्षीको रुपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी,
- अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेको मा सोको व्यहोरा,
- अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा, आदी

**न्यायिक कारवाही सम्बन्धी सूचनाको अधिकार**

अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा निजलाई देहायको सूचना यथाशीघ्र दिनु पर्नेछ :

- अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सोको व्यहोरा,
- हुने सुनुवाइको मिति, स्थान र समय,
- अभियुक्तले जमानत वा तारेखमा छोडी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा,
- अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा,
- अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी शुरु अदालतको आदेश विरुद्ध पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको व्यहोरा,
- पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेको मा पुनः पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा,
- अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी व्यहोरा,
- कसूरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय,
- कसूरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुनः पक्राउ भई आएमा सो को व्यहोरा,
- कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसूरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा,
- कसूरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना,
- कसूरका सम्बन्धमा भएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको
- फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेको मा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा,
- फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सोको परिणाम
- थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा,
- विदेशी अभियुक्त वा कसूरदारलाई नेपाल सरकारले नेपालको राज्य क्षे त्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोरा ।

### सूचना उपलब्ध गराउनु पर्ने

पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीलाई त्यस्तो विषयको काम कारबाहीमा संलग्न रहेका वा त्यस्तो सूचनाको अभिलेख राख्ने वा त्यस्तो सूचनामा पहुँच भएका सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो सूचना यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ ।

### पेशीको सूचना पाउने अधिकार

अदालतले कसूर सम्बन्धी मुद्दामा कम्तीमा सात दिन अघि नै पेशीको सूचना सम्बन्धित सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ। सूचना प्राप्त गरेपछि सरकारी वकिल कार्यालयले सम्भव भएसम्म सम्बन्धित पीडितलाई यथाशीघ्र पेशीको जानकारी दिनु पर्नेछ ।

### स्वच्छ व्यवहार पाउने अधिकार

पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार छ ।

### भेदभाव विरुद्धको अधिकार

फौजदारी न्यायिक प्रक्रियामा पीडितलाई उनको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न मिल्दैन । तर नाबालिग, जेष्ठ नागरिक वा शारिरीक वा मानसिक रुपले अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रक्रियाको रोहमा विचार गर्नु पर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिन्दैन ।

### गोपनीयताको अधिकार

- जबरजस्ती करणी, हाडनाता करणी, मानव बेचविखन, यौन दुर्व्यवहार, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूरहरूमा अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुन्छ ।
- यी कसूरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन ।
- अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गर्नु पर्छ वा पीडितको वास्तविक स्वर बदल्न दिनु पर्छ वा अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गर्नु पर्छ वा अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाउनु पर्छ ।

### कानून व्यवसायी राख्न पाउने अधिकार

पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउँछ ।

### सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार

पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ

सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुन्छ । तर पीडित व्यक्ति मुद्दाको साक्षी समेत भएकोमा साक्षीको रुपमा निजले बकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित हुन भने रोक लगाउन सक्नेछ । पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ ।

**सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार**

अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्नेछ । छुट्टै कक्ष उपलब्ध गराउन सम्भव र व्यवहारिक नभएमा सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**सम्पत्ति फिर्ता पाउने अधिकार**

अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारी बाट फिर्ता लिन पाउँनु पीडितको अधिकार हो । यदी नियन्त्रणमा लिएको सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु अगावै सम्पत्ति फिर्ता गरिने छैन । तर अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश पनि गर्न सक्नेछ ।

**क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार**

पीडितलाई पुगेको क्षति बापत क्षतिपूर्ति पाउने अधिकार हुन्छ । पीडितको समाजिक पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने व्यबस्था गरेको छ ।

**अन्तरिम क्षतिपूर्ति**

- पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्छ ।
- यस्तो आदेश भएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन सक्छ ।

**कसूरदारबाट क्षतिपूर्ति भराइ दिने**

अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब हुनेगरी क्षतिपूर्ति स्वरुपको रकम भराइदिन्छ ।

यदी पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति र अन्य कुनै कारणले आपराधिक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट भएको कुनै कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई कोषबाट क्षतिपूर्ति बापतको रकम उपलब्ध हुन्छ । कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएमा पनि कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिन्छ ।

**क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू :**

- पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श औषधोपचार खर्च , अप्रत्यासित यातायात खर्च तथा कानून व्यवसायीको खर्च,
- कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति।
- क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,
- जबरजस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च,
- पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,
- नाबालक सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व आदी

**अन्य अधिकार**

- अदालतको आदेश वा निर्णयमा चित्त नबुझेमा सो आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिन पाउनेछ ।
- निर्णय वा आदेश विरुद्ध निवेदन वा पुनरावेदन दिने अधिकार पाएको सम्बन्धित अधिकारीले त्यस्तो निवेदन उपर भएका निर्णयको जानकारी पीडितलाई दिनु पर्छ ।

## अपराध पीडितका कस्ता कर्तब्य हुन्छन ?

**पीडितका अधिकार संरक्षण लागी न्यायिक प्रकृयामा पीडितका पनि निम्न कर्तब्यहरु हुन्छन :**

- प्रचलित कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,
- कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,
- कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष

उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,

- आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने पीडितका कर्तव्य हुन्छ ।
- जव पीडितले आफ्नो कर्तब्य पुरा गर्न तत्पर रहन्छ र सोही अनुसार आफ्नो कर्तब्य पालन गर्छ तब न्यायिक प्रकृया अगाडी बढेर पीडितले न्याय पाउँन सक्छ ।

## ७. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ का मुख्य व्यवस्थाहरु

**साईवर अपराध भनेको के हो ?**
विद्युतीय उपकरणहरु कम्प्युटर, मोवाइल तथा यसको नेटवर्कका माध्यमबाट हुने कुनै पनि प्रकारका अपराधिक कार्यलाई आम रुपमा साईबर अपराधको रुपमा मानिन्छ ।

इन्टरनेटको माध्यमबाट गरिने चरित्र हत्या, हिंसा फैलाउने, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी) अर्का पहिचान अनधिकृत प्रयोग गरी क्रेडिट कार्ड तथा एकाउण्ट आदिको चोरी गरी गरिने बैकिङ कसूर, अर्काको कम्प्युटर विद्युतिय उपकरण तथा नेटवर्कमा पुर्‍याईने क्षति लगायत अवैधानिक कार्यलाई साईवर अपराध मानेको छ ।

**विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनले कसूर र सजाय सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?**
कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसूरको गम्भीरता हेरी २ लाख रुपैयाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानि नोक्सानी पुऱ्याउने मनसाय राखी जानी-जानी कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई २ लाख रुपैयाँसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गरेमा :**

कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामाग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात-जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्काउँने, अपमान गर्ने, हैरानी गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई १ लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । कुनै व्यक्तिले यस्तो कसूर पटक पटक गरेमा त्यस्तो कसूर वापत अघिल्लो पटक भएको सजायको डेढी सजाय हुन्छ ।

**गोपनीयता भङ्ग गरेमा :**

कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामाग्रीहरुमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामाग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा निजलाई कसूरको मात्रा हेरी १ लाख रुपैयाँसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ

**कसूर गर्न दुरुत्साहन गरेमा वा मतियार भएमा :**

यस ऐन बमोजिमको कुनै कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कसूर गर्न उद्योग गर्ने वा षड्यन्त्रमा सामेल हुने व्यक्तिलाई कसूरको मात्रा हेरी ५० हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । यस ऐन बमोजिमका कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय हुनेछ ।

**नेपाल राज्यबाहिर गरेको कसूरमा पनि सजाय हुने**

कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम नेपाल राज्य बाहिर रहेर गरेको भए तापनि त्यस्तो कसूर गरिएको कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्क प्रणाली नेपालमा अवस्थित भएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई यस ऐन बमोजिम मुद्दा चलाई सजाय गर्न सकिनेछ ।

**जफत गर्ने :**

यस ऐन बमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरु जफत गरिन्छ

**विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन कसूर सम्बन्धी मुद्दाको उजुरी कहाँ र कहिलेसम्म गर्नू पर्छ ?**
यस्तो कसुर भए गरेको मितिले वा थाहा पाएको मितिले ३५ दिन भित्र उजुरी गर्नुपर्छ । यस्तो विषयको उजुरी प्रहरी भित्र रहेको साईबर ब्यूरोमा गर्नु पर्दछ । साईबर ब्यूरोमा अपराधको सुचना दिएपछी ब्यूरोले अपराधको अनुशन्धान गरेर कसुरदारको विरुद्ध मुद्धा चलाउँछ । यस्तो कसुर मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसुची १ अनुसारको मुद्धा भएकोले सरकारबादी हुन्छ ।

**साइबर ब्यूरोमा जाहेरी परेपछी प्रहरी प्रधान कार्यालयको निर्देशन र नियन्त्रणमा रहनेगरी साइबर ब्यूरो प्रमुखले आफ्नो अधिकार प्रयोग गरी निम्न बमोजिम काम गर्नेछ :**
साइबर सम्बन्धी कसूर हुन नदिन आवश्यक व्यवस्था मिलाउन तथा बढ्दो साईबर अपराधको अनुसन्धान, नियन्त्रण र नियमन गर्न नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत साईबर ब्यूरोको स्थापना भएको छ । साईबर ब्यूरो प्रमुखलाई साइबर सम्बन्धी कसूरमा नेपाल प्रहरीले अन्य फौजदारी कसूरमा सरह अनुसन्धान, नियन्त्रण र नियमन गर्ने अधिकार दिएको छ ।

ब्यूरोमा जाहेरी परेपछि अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले साइबर सम्बन्धी कसूरका पीडितको सामाजिक सञ्जालमा रहेको फोटो तथा भिडयो तत्काल अदृष्य(हाईड) गरी आपतकालनि संरक्षण लगायत अन्य आवश्यक व्यवस्था मिलाउन सक्छ । साईबर सम्बन्धी मुद्धाको अनुसन्धान सकिएपछी अनुसन्धानको प्रतिबेदन सरकारी बकिल समक्ष पेश गर्छ र सरकारी वकिलले मुद्धा चलाउँनु पर्ने भए अभियोग दायर गर्दछ ।

## ८. राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण ऐन २०७६ (जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता)

**व्यक्तिगत घटना दर्ता भनेको के हो ?**
व्यक्तिको जन्म, मृत्यु , विवाह, सम्बन्ध विच्छेद तथा बसाँई सराई जस्ता मानिसका आफ्ना निजी घटना स्थानीय पञ्जिकाधिकारीकोमा गई दर्ता गराउँने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

**व्यक्तिगत घटना दर्ता किन जरुरी छ ?**
व्यक्तिले राज्यबाट पाउँने सेवा सुविधा र हक स्थापना गर्न तथा कानून बमोजिम गर्ने व्यबहारका लागि । साथै व्यक्तिगत घटनाहरु एक आपसमा अन्तरसम्बन्धीत हुन्छन् र यसको सिधा सम्बन्ध आफ्नो र सन्तानको नागरिकता लिने पाउँने हक संग जोडीन्छ त्यसैले व्यक्तिगत घटना अनिबार्य गराउँनु पर्छ ।

**व्यक्तिगत घटना दर्ता कहाँ गराउनु पर्छ ?**

व्यक्तिगत घटना सम्वन्धित व्यक्ति स्थाई बसोबास गरेको गाउँपालिका वा नगरपलिकाको वडा अन्तर्गत स्थानिय पन्जीकरणको कार्यालयमा दर्ता गराउँनु पर्छ ।

**कति प्रकारका व्यक्तिगत घटना दर्ता गराउँनु पर्छ ?**

व्यक्तिका आफ्ना निजी जिवनका पाँच घटना अनिवार्य दर्ता गराउँनु पर्छ । जस्मा :

- जन्मदर्ता
- मृत्युदर्ता
- विवाहदर्ता
- सम्बन्ध विच्छेद दर्ता
- बसाँई सराइ दर्ता

**जन्म दर्ताको आवश्यकता र महत्व,**

- जन्मेको बच्चाको पहिचान कायम गर्न
- शैक्षिक अधिकार प्रचलन गर्न,
- स्वास्थ्य सुविधाको अधिकार प्रचलन गर्न,
- राज्यविहिनताबाट जोगाउँन,
- वाल श्रम शोषणबाट संरक्षण गर्न,
- वालविवाहलाई रोक लगाउँन,
- नागरिकता प्राप्तिमा सहज बनाउन,
- कानूनी तथा पारिवारिक अधिकारहरु सुनिश्चित गर्न,
- राष्ट्रको बास्तविक जनसांखिक तथ्यांक राख्न,
- वालवालिकाको बेचविखन नियन्त्रण गर्न
- नावालक पिडित भएमा उमेरको आधारमा न्याय प्रदान गर्न,
- पिडक भएमा उमेरको आधारमा अपराधिक दायित्व निर्क्यौल गर्न, आदी

**जन्म दर्ताको सुचक को को हुन सक्छ ?**

- बुवा आमा, बाजे वा परिवारको मुख्य व्यक्ति र निजहरुको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेका व्यक्तिले
- धर्मपुत्र वा धर्मपुत्रीको जन्मदर्ता गर्न कानून बमोजिम पारित लिखत समेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमाले

**विवाह दर्ताको आवश्यकता र महत्व,**

- लोग्ने र स्वास्नीको नाता प्रमाणित गर्न,
- कानूनी तथा पारिवारिक अधिकार सुनिश्चत गर्न,

- नागरिकता प्राप्तिमा सहज बनाउन,
- बहुविवाह, ढाँटी विवाह आदिलाई नियन्त्रण गर्न, त्यस्तो विवाह गर्नेलाई सजाय दिलाउन,
- विवाहित महिलालाई विदेश भ्रमणको लागि आवश्यक कागजात तयार पार्न ।
- बेचबिखन तथा बेश्यावृत्तिलाई नियन्त्रण गर्न ।

**विवाह दर्ताको सुचक को को हुन सक्छ ?**

- पति र पत्नी दुबै
- वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न पति वा पत्नी एक्लै(सम्बन्धीत वडाको सर्जमीन मुचुल्का सहित)
- पतिले विवाह दर्ता गर्न ईन्कार गरेको अवस्थामा नाताकायम प्रमाणपत्र वा अदालतको फैसला भएमा पत्नी एक्लै

**मृत्यु दर्ताको आवश्यकता र महत्व,**

- मृत्यु सम्बन्धी कानूनी प्रमाणको लागि,
- हक अधिकार हस्तान्तरणको लागि,
- नाता सम्बन्ध प्रमाणित गर्नको लागि,
- एकल महिला वा एकल पुरुष भएको प्रमाणको लागि
- मृत्यु सम्बन्धी जनसांख्यिक तथ्यांक तयार पार्न,
- जालसाजी र झुठ्ठा काम कारबाही नियन्त्रणका लागि ।

**मृत्यु दर्ताका सुचक को हुन सक्छ ?**

पति, पत्नी ,परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेका व्यक्ति ।

**सम्बन्ध विच्छेद दर्ताको आवश्यकता र महत्व,**

- सम्वन्ध विच्छेदको कानूनी प्रमाणको लागि,
- नागरिकता, राहदानी बनाउन वा परिवर्तन गर्न,
- सम्वन्ध विच्छेद पश्चातको अधिकारको सुनिश्चित गर्न,
- अर्को विवाह भए विवाह दर्ता गर्न

**सम्बन्ध विच्छेद दर्ताको सुचक को हुन सक्छ ?**

अदालतको फैसला वा मिलापत्र सहित पति वा पत्नी जो सुकै, एक्लै पनि

**बसाई सराई दर्ताको आवश्यकता र महत्व,**

- बसाई सराई सम्बन्धि जनसांख्यिक तथ्यांक तयार पार्न,
- बसाई सराईको कानूनी प्रमाणको लागि,
- मतदान लगायतको निर्वाचन सम्बन्धी अधिकार सुनिश्चत गर्न,

- नागरिकता, राहदानी बनाउन ।
- स्थानिय निकायले दिएका सेवा सुविधा उपभोग गर्न,

**बसाई सराई दर्ताको सुचक को हुन सक्छ ?**

- परिवारको सबै बसाई सराई गर्ने भए परिवारको मुख्य व्यक्ति
- सम्बन्धित ब्यक्ति मात्र बसाई सराई गर्ने भए सम्बन्धित ब्यक्ति

**नेपाल बाहिर घटेको ब्यक्तिगत घटना कसरी, कहिले र कहाँ गराउँने ?**

कोही नेपाल बाहिर रहँदा ब्यक्तिगत घटना घटेकोमा सुचना दिनुपर्ने कर्तब्य भएको ब्यक्तिले ३५ दिनभित्र सम्वन्धीत नियोगमा वा नेपाल फर्किएको ३५ दिन भित्र सम्बन्धीत स्थानिय पञ्जीकाधिकारीको कार्यालयमा सुचना दिनुपर्छ । यदि सुचकले चाहेमा पञ्जीकाधिकारी कार्यालयमा घटना दर्ता गर्न अधिकृत वारेस नियुक्त गरेको जानकारी दिएमा उक्त अधिकृत वारेसले पनि सुचक बन्न सक्छ ।

**ब्यक्तिगत घटना दर्ता गर्न कति सुल्क लाग्छ ?**

ब्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गर्दा कुनै सुल्क लाग्दैन तर ३५ दिन कटेपछी भने जरीवाना स्वरुप ५० रुपैयासम्म जरिवाना बापत तिर्नु पर्छ ।

**ब्यक्तिगत घटना दर्ता गरेको प्रमाणपत्र हराएमा के हुन्छ ?**

यदि ब्यक्तिगत घटना दर्ता गरेको प्रमाणपत्र हराएमा, नासिएमा, च्यातिएमा सोही ब्यहोराको निवेदन पञ्जीकाधिकारीको कार्यालयमा दर्ता गराएर त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिन सकिन्छ ।

**ब्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा त्रुटी भए के हुन्छ ?**

ऐन लागु भएपछी ब्यक्तिगत घटना दर्ता गरेको प्रमाणपत्रमा नाम थर उमेर वा अन्य यस्तैमा कुनै सामान्य त्रुटी भएको रहेछ भने एक वर्ष भित्र उक्त त्रुटी सच्याउँन प्रमाण सहीत स्थानीय पञ्जीकाधिकारीकोमा निवेदन दिएर सच्याउँन सकिन्छ ।

## जान्नै पर्ने कुराहरू

नेपाली नागरिकता प्राप्तीका लागि आवश्यक कागजहरुः

- जन्मदर्ता
- विवाह दर्ता
- पासपोर्ट साईजको स्पस्ट कान देखीने फोटो
- बाबु वा आमाको नागरिकताको प्रमाण पत्रको फोटोकपी
- गा.वि.स.वा नगरपालिकाको सिफारिस पत्र
- शैक्षीक योग्यता भए प्रमाणपत्रको फोटोकपि
- आमा वा बुबाको मृत्यु भएकाको हकमा मृत्युदर्ता प्रमाणपत्र फोटोकपि ।

कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

Empowered lives.
Resilient nations

संस्थागत सुधार मार्फत
न्यायमा पहुँच अभिवृद्धि परियोजना